**श्री अध्यक्षज्यू, कार्यालय पदाधिकारीज्यूहरु, आइसिसि सदस्यहरु तथा एनसिसिका अध्यक्षज्यूहरु, एनआरएन साथीहरु सबैमा नमस्कार ।**

गैरआवासीय नेपाली दिवस २०१४ को उपलक्ष्यमा अक्टोवर १२ का दिन होटल याक एण्ड यतिमा नेपाली नागरिकता निरन्तरता सम्बन्धि कार्यक्रम आयोजना गरिएको थियो ।
सम्माननीय संविधानसभाका अध्यक्ष सम्माननीय सुवास चन्द्र नेम्बाङ्गको प्रमुख अतिथिमा आयोजना भएको सो कार्यक्रममा गैरआवासीय नेपालीहरुलाई गैरआवासीय नेपाली विशेष नागरिकता दिनेबारे संविधानमा राखिएको जानकारी दिनु भएको यहाँहरुलाई विदित्तै छ । उहाले आफ्नो सम्बोधनमा गैरआवावासीय नेपालीहरुको सुरुको अभियान देखि अहिले सम्मको विन्दु सम्म आईपुग्दा कुनै न कुनै रुपमा आफ्नो संलग्नता रहेको बताउनु भयो । आफ्नो सम्बोधनको अन्तमा उहाँले सम्पूर्ण राजनैतिक दलहरुको सहमतिमा "नेपालको नागरिकता त्याग गरी दक्षिण एशियाली सहयोग संठन बाहेकका अन्य देशमा रहेका नेपली मूलका विदेशी नागरिकहरुलाई प्रचलित कानुन बमोजिम आर्थिक सामाजिक र साँस्कृतिक अधिकार भएको विशेष गैरआवासीय नेपाली नागरिकता दिइने" जानकारी गराउनु भयो ।
सम्माननीय संविधानसभाका अध्यक्ष सम्माननीय सुवास चन्द्र नेम्बाङ्गले कार्यक्रममा बोल्नु भएको कुराको https://www.youtube.com/watch?v=K7swKHNS_QQ&feature=youtu.be यस लिंकमा हेर्न र सुन्नु सक्नु हुनेछ ।
सो कार्यक्रममा सभासदज्युहरुमा मा. लक्ष्मणलाल कर्ण, मा. सुरेन्द्र पाण्डे, मा. विष्णु पौडेल, मा. राधेश्याम अधिकारी, मा. अग्नी खरेल, मा. गोकर्ण विष्ट, मा. रामहरी खतिवडा, मा. रामनारायण विडारी, मा. अर्जुननरसिंह केसी, मा. उदय शम्शेर राणा, मा. गीता वाग्ले र एनेकपा माओवादीय कानुन विद तथा नेता खिमलाल देवकोटाको सहभागीता रहेको थियो । यसका साथै सम्माननीय प्रधानमन्त्री शुसिल कोईराला, एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता डा. बाबुराम भट्टराईले पनि गैरआवासीय नेपालीहरुलाई विशेष नागरिकता दिने बारे जानकारी गराउनु भएको थियो ।
हाम्रो नेपाल र नेपालीको वर्तमान र भविष्यसंग जोडिएको यस अभियानमा हामी निरन्तर लागिरहेका छौं र सबै साथीहरुलाई हामीले नेपाली नागरिकता निरन्तरता सम्बन्धि गरेका पहलहरु र कार्यहरुलाई प्रष्ट पार्नका लागि सबै साथीहरुलाई पुनः यो छोटो नोट प्रकाशित गर्दछु । संविधान समयमा आउने छ त्यसमा नेपाली नागरिकता निरन्तरताको बारेमा सम्माननीय संविधानसभाका अध्यक्षले जानकारी दिनु भएको बुँदा संलग्न हुनेछ भन्ने कुरामा म विश्वस्त रहेको छु ।
CNC को कार्य अगाडी बढाउन र टुङ्ग्याउन आवश्यक पर्ने आर्थिक सहयोगको जानकारीका लागी

**Purpose: donation for CNCTF**

**Transfer to NRNA Charitv Fund**

**Account No 062500000 I 44**

**Beneficiary NRNA CHARITY FUND**

**Bank Bank of Kathmandu, Kamaladi, Kathmandu**

**Swift BOKLNPKA**

नयाँ वर्षको शुमकामना सहित,

भवदीय

रामप्रताप थापा
प्रमुख संरक्षक एवं सभापति, नेपाली नागरिकता निरन्तरता कार्यदल,
गैरआवासीय नेपाली संघ ।